चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रूकुम (पश्चिम भाग) ०८८-४०११४६,९८५७८२६१११
कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com

प.स. : २०८२/०८३
च.नं. : 206

मिति :२०८३/०५/२९
ने. स.११४६ जंलाथ्व तृतीया, शोमवार

विषय:एच.पि.भि. खोप अभियान सञ्चालनका लागि सहकार्य गर्ने सम्बन्धमा ।

श्री कक्षा ६ सञ्चालित विद्यालयहरु सबै
चौरजहारी नगरपालिका, रूकुम (पश्चिम भाग) ।

प्रस्तुत विषयमा चौरजहारी नगरपालिका अन्तर्गतका विद्यालयहरूमा अध्ययनरत कक्षा ६ का किशोरीहरूलाई लक्षित गरी नियमित एच.पि.भि. (H.P.V.) खोप अभियान मिति २०८३ असोज ५ गतेदेखि सञ्चालन हुने भएकोले उक्त अभियानलाई प्रभावकारी, व्यवस्थित तथा लक्षित वर्गसम्म पहुँच सुनिश्चित हुने गरी सञ्चालन गर्न आवश्यक समन्वय तथा सहकार्य गर्नुपर्ने भएको छ । यस सन्दर्भमा यस नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूका कक्षा ६ मा अध्ययनरत किशोरीहरूको यथार्थ विवरण उपलब्ध गराउने, खोप सञ्चालन हुने मिति, स्थान तथा समयवारे विद्यार्थी,अभिभावक तथा सम्बन्धित शिक्षकहरूलाई जानकारी गराउने, खोपका लागि आवश्यक सहजीकरण गर्ने तथा वडा रहेका स्वास्थ्य संस्थासँग समन्वय गरी अभियान सफल बनाउन आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउन सबैमा अनुरोध छ ।

सन्देश गिरी
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री स्वास्थ्य सेवा कार्यालय रूकुम (पश्चिम भाग) ।